आ.व. २०७९।८० को बैठक संख्या - १५

आज मिति २०७९ साल फाल्गुण महिनाको १४ गते आईतवारका दिन उदयपुरगढी गाँउपालिकाका अध्यक्ष श्री मान बहादुर केप्छाकी मगरको अध्यक्षतामा बसेको कार्यपालीकाको बैठकमा तपसिल अनुसारको उपस्थितिमा निम्नानुसारको प्रस्तावहरु छलफल तथा निर्णयहरु गरियो ।

**उपस्थिती :**

| क्र.सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | मान बहादुर केप्छाकी मगर | गाउपालिका अध्यक्ष | |
| २ | जित बहादुर खडका | गाउपालिका उपाध्यक्ष | |
| ३ | दिल बहादुर राना मगर | वडा अध्यक्ष | |
| ४ | ईन्द्र बहादुर राउत | वडा अध्यक्ष | |
| ५ | मनोज कुमार कार्की | वडा अध्यक्ष | |
| ६ | राम बहादुर घले मगर | वडा अध्यक्ष | |
| ७ | कुमार अधिकारी | वडा अध्यक्ष | |
| ८ | कृष्ण बहादुर खत्री | वडा अध्यक्ष | |
| ९ | भुवन केप्छाकी मगर | वडा अध्यक्ष | |
| १० | थिर बहादुर राउत | वडा अध्यक्ष | |
| ११ | सहेक बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | सरिता कार्की | कार्यपालिका सदस्य | |
| १३ | डिल्लीमाया विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १४ | मिना कुमारी तामाङ्ग | कार्यपालिका सदस्य | |
| १५ | यसोदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १६ | गुणराज श्रेष्ठ | नि.प्र.प्र.अ. | |

**सहयोगी :**

१. पारस मणि फुयल

२. शेखर बुढाथोकी

**बैठकका प्रस्तावहरु**

१. गत बैठकको समीक्षा सम्वन्धमा ।

२. कृषि विकास कार्यक्रम माग गर्ने सम्वन्धमा ।

३. आ.व २०७८।७९ को महालेखा परिक्षकको कार्यालयको ड्राफ्ट प्रतिवेदन सम्वन्धमा ।

४. किशोर किशोरी मैत्री स्वास्थ्य संस्था छनोट सम्बन्धमा ।

५. विविध

क. गाउँ शिक्षा समितिको बैठक सम्बन्धमा

ख. खेद प्रकट सम्बन्धमा

(ग) किशोर किशोरी मैत्री स्थानीय तह समन्वय समिति गठन सम्बन्धमा ।

निर्णयहरु

१. **गत बैठकको समीक्षा सम्बन्धमा:-** गाउँपालिकाको १४ औ बैठक मिति २०७९।१०।२३ गतेको दिन बिभिन्न १२ ओटा प्रस्तावहरू उपर निर्णय भएकोमा निर्णयहरू कार्यान्वयन भइरहेको कुरा अवगत भयो।

२. **कृषि विकास कार्यक्रम सम्वन्धमा** -राष्ट्रिय आलु,तरकारी तथा मसला वाली विकास केन्द्रसंग खायन आलु उत्पादन कार्यक्रम माग गर्ने र कार्यक्रम सन्चालन गर्नका लागि संघिय सशर्त कार्यक्रममा समावेश गरि पठाईदिनुहुन अनुरोध गर्ने निर्णय गरियो ।

३. **महालेखा परिक्षाकको अडीट प्रतिवेदन सम्वन्धमा** -आ व २०७८।७९ को महालेखा परिक्षकको कार्यालयको ड्राफ्ट प्रतिवेदन यस बैठकमा छलफल गरि जानकारी गराईयो ।

४. **किशोर किशोरी मैत्री स्वास्थ्य संस्था छनौट सम्वन्धमा –** किशोर किशोरी मैत्री स्वास्थ्य सेवा सबै स्वास्थ्य संस्थामा सन्चालन तथा विस्तार गर्ने नीति रहेकोले यो आर्थिक बर्षमा ४ वटा स्वास्थ्य संस्थामा सो कार्यक्रम संचालन गर्नको लागि तपशिल अनुसारको स्वास्थ्य संस्थाहरु छनौट गरियो ।

**तपशिल**

वडा नं ३ को स्वास्थ्य चौकी जरुवा
वडा नं ४ को स्वास्थ्य चौकी डुम्रे
वडा नं ७ को सामुदायीक स्वास्थ्य ईकाइ हाडेवास
वडा नं ८ को स्वास्थ्य चौकी भलायडाडा

५. विविध क गाउँ शिक्षा समितिको मिति २०७९।११।२ गतेको वैठकबाट भएको शिक्षा समिति गठनलाई अनुमोदन गर्ने र उक्त वैठकले गरेको निर्णय अनुसार राष्ट्रपती रनिङ्ग शिल्ड प्रतियोगीता पन्चावती माध्यमीक विद्यालय उदयपुरगढी गाउँपालिका वडा नं ५ लाई सन्चालनं गर्न जिम्मेवारी दिने निर्णय गरियो । साथै उदयपुरगढी गाउँपालिकाको आधारभुत तथा माध्यमिक शिक्षा ऐन,२०७८ _संशोधन सहित २०७९_ को दफा ३५ को उपदफा २क बमोजिम तपसिलका शिक्षकहरुको आन्तरीक सरुवा गर्ने निर्णय गरियो ।

| क स | शिक्षकको नाम थर | कार्यरत विद्यालयको नाम र ठेगाना | पद। श्रेणी | आन्तरीक सरुवा हुने विदेयालयको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १ | भिम प्रसाद पोखरेल | श्री जनप्रेमी आ वि मझुवा वेतीनि उ गा पा ४ | प्रा शि राहत | श्री आ वि थाक्ले उ गा पा १ | |
| २ | पार्वती कार्की | श्री आ वि थाक्ले उ गा पा १ | प्रा शि राहत | श्री जनप्रेमी आ वि मझुवा वेतीनि उ गा पा ४ | |

६ विविध ख यस उदयपुरगढी गाउँपालिका वडा नं ६ अन्तर्गत रहेको मिति २०६४ सालमा स्थापना भएको कपिलेश्वर आ वि सोलीढुगा विद्यालय लहान नगरपालिका वडा नं १६ जिल्ला सिरहामा पर्ने भनि लाहान नगरपालिकाका उपमेयरवाट व्यक्त भएको मन्तव्य प्रति यस उदयपुरगढी गाउँपालिका खेद प्रकट गर्दै उक्त भनाई प्रति गम्भीर ध्यानाकर्षण भएको हुँदा सिमाना विवाद समाधान सम्वन्धमा सम्वन्धीत निकाय तथा संघिय सरकारलाई शिघ्र समाधान गराउन जानकारी गराउने निर्णय गरियो ।

७ विविध ग स्वास्थ्य शाखा तर्फको किशोर किशोरी मैत्री स्थानीय तह समन्वय समिति गठन तपसिल अनुसारको गर्ने निर्णय गरियो ।

क मान वहादुर केप्छाकी मगर संयोजक
ख जीत वहादुर खडका सह संयोजक

ग दिल बहादुर राना मगर — सदस्य
घ सुरेश कुमार केसी — सदस्य
ङ — सदस्य
च कल्पना श्रेष्ठ — सदस्य
छ चक्रपाणी भट्टराई — सदस्य
ज जयनारायण यादव — सदस्य
झ चिरन्जिबी निरौला — सदस्य
ञ रमेश राई — सदस्य सचिव

८ पुर्वाधार विकास तर्फको चालु आ व को तपशिल अनुसारको वडाहरुको सडक निर्माण तथा मर्मत सार्वजनीक खरिद ऐन अनुसार दरभाउपत्र मार्फत गर्ने निर्णय गरियो ।

तपसिल

| क स | योजनाको नाम | वडा नं | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | बौवाचोक धनशार रानाटोल सडक | वडा नं २ | १०,००,०००।०० | एक योजना |